# हरिपुर नगरपालिका
# राजपत्र

## सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

### हरिपुर नगरपालिकाद्वारा प्रकाशित

बर्ष ४ अंक ८ २०७९ श्रावण १० गते, मंगलवार

स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले देहायका कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, ***२०७७ (पहिलो संसोधन)*** रहेको छ ।

१.१ यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ ( यसपछि मुल कार्यविधि भनिएको ) परिच्छेद-२ को बुदाँ नं. ३ को (१) मा ***"बालविकास"*** भन्ने शब्द थप गरिएको छ ।

३. मूल कार्यविधिको बुँदा नं. ४ को २ र ३ मा ***"स्थायी अध्यापन अनुमति पत्र भएको"*** भन्ने व्यवस्था थप गरिएको छ । त्यस्तै बुँदा नं. ४ को २ को (क) र बुँदा नं. ४ को ३ को (क) मा ***"जुन विषयको परिक्षामा सामेल हुने हो सो विषयमा"*** भन्ने व्यवस्था थप गरिएको छ ।

- मूल कार्यविधिको बुँदा नं. ४ को अन्त्यमा "**तर बुँदा नं. ४ (१) को (घ), ४ (२) को (च) र ४ (३) को (च) मा जुन सुकै कुरा लेखिएको भएतापनि स्थायी अध्यापन अनुमति पत्र भएको व्यक्तिको आवेदन नपरी विद्यालयको पठनपाठन प्रभावित हुने अवस्थामा विज्ञान, गणित, अंग्रेजी र कम्प्यूटर विषयमा स्थायी अध्यापन अनुमति पत्र नभएका व्यक्तिबाट पनि परीक्षाको लागि आवेदन लिन सक्नेछ"** भन्ने व्यवस्था थप गरिएको छ ।

४. मूल कार्यविधिको बुँदा नं. ५ को (छ) मा सामुदायिक विद्यालयको अगाडी ***"यस नगरपालिका अन्तर्गतका"*** र शिक्षकहरुको लागि पछि ***"यो कार्यविधि लागु भएपछि हुने पहिलो पटकको परीक्षामा उमेरको हद (एक पटकको लागि मात्र ) लाग्ने छैन"*** भन्ने व्यवस्था थप गरिएको छ ।

५. मूल कार्यविधिको बुँदा नं. ७ मा स्वयम् सेवक शिक्षक छनौट समिति देहाय बमोजिमको हुने व्यवस्था गरिएको छ ।

***क) सम्बन्धित विद्यालयका वि.व्य.स. - अध्यक्ष***

***ख) विषयगत विज्ञ २ जना - सदस्य***

***ग) शिक्षा शाखा प्रमुख - सदस्य***

***घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव***

६. मूल कार्यविधिको बुँदा नं. ९ मा देहाय बमोजिमको संसोधन गरिएको छ ।

- मूल कार्यविधिको बुँदा नं. ९ को (१) मा स्वयम् सेवक भन्ने शब्दको अगाडी **"विद्यालयले"** भन्ने शब्द थप, प्रकाशन पछि गरिनेछ को सट्टा **"गर्नुपर्नेछ"** भन्ने शब्द राखिएको छ ।
- प्रश्नपत्रको अगाडी **"गोप्य तरिकाले"** भन्ने शब्द थप गरिएको र नगरपालिकाले सुरक्षित र गोप्यता साथ राख्ने को सट्टा **"परीक्षा लिनुपर्नेछ"** भन्ने व्यवस्था थप गरिएको छ ।
- बुँदा नं. ९ को ३ मा नगरपालिकामा को सट्टा **"सम्बन्धित विद्यालयमा"** भन्ने शब्दहरु राखिएको छ ।
- बुँदा नं. ९ को ५ मा एउटा तहको एउटै को सट्टा **"शिक्षक छनौट समितिले तोकेको"** भन्ने राखिएको छ ।

७. मूल कार्यविधिको बुँदा नं. १० मा नगरपालिकाले को सट्टा ***“सम्बन्धित विद्यालयले”*** भन्ने राखिएको छ ।

८. मूल कार्यविधिको बुँदा नं. ११ मा नगरपालिकाले को सट्टा ***“शिक्षक छनौट समितिले”*** भन्ने राखिएको छ र सञ्चालनको अगाडी ***“परीक्षा”*** भन्ने शब्द थप गरिएको छ ।

९. मूल कार्यविधिको बुँदा नं. १२ मा नगरपालिकाले को सट्टा ***“शिक्षक सेवा आयोगले लिने दस्तुरमा नवढने गरि विद्यालयले”*** भन्ने राखिएको छ ।

१०. मूल कायृविधिको बुँदा नं. १३ मा नगरपालिकाबाट लिइने को सट्टा ***“स्वयम् सेवक शिक्षकको लागि लिइने”*** भन्ने राखिएको छ ।

११. मूल कार्यविधिको बुँदा नं. १३ परीक्षाको पूर्णाङ्क र उतिर्णाङ्क देहाय बमोजिमको हुने गरि संसोधन गरिएको छ ।

**१) लिखित परीक्षाको पूर्णाङ्क :- १०० अंक**

| परीक्षाको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा |
|---|---|---|---|
| वस्तुगत परीक्षा | २० | २ | ४० |
| विषयगत परीक्षा | ६ | १० | ६० |
| | | जम्मा | १०० |

**१२.** मूल कार्यविधिको बुँदा नं. १६ मा अन्तवार्ताको लागि छुट्याएको ४० अंकलाई देहाय बमोजिम हुने गरि संसोधन गरिएको छ ।

**क) भौगोलिक क्षेत्र :- १० अंक - अन्तवार्ताको लागि मधेश प्रदेशको स्थायी वासिन्दा भएको उम्मेदवारलाई ५ अंक, सर्लाही जिल्लाको स्थायी वासी भएको उम्मेदवारलाई ८ अंक र हरिपुर नगरपालिका क्षेत्रको स्थायी वासिन्दा भए १० अंक प्रदान गरिनेछ ।**

**ख) शैक्षिक योग्यता :- १५ अंक - सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए १०, द्वितीय श्रेणीको भए ८ र तृतीय श्रेणीको भए ६ अंक प्रदान गरिनेछ ।**

**माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणीको भए ५, द्वितीय श्रेणीको भए ४ र तृतीय श्रेणीको भए ३ अंक प्रदान गरिने छ । (कुनै उम्मेदवारको माथिल्लो शैक्षिक योग्यता एक भन्दा वढी भएमा उम्मेदवारले चाहेको तहको शैक्षिक योग्यता पेश गर्न सक्नेछ ।)**

**ग) अनुभव :-५ अंक ( सामुदायिक विद्यालयमा अध्यापन गरेका उम्मेदवारहरुलाई प्रतिबर्ष १ अंकको दरले वढीमा ५ अंक प्रदान गरिनेछ )**

**घ) अन्तवार्ता :- १० अंक ( ७० प्रतिशत भन्दा वढी र ४० प्रतिशत भन्दा कम अंक दिनुपरेमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।)**



हरिपुर नगरपालिका

१३. मूल कार्यविधिको बुादा नं. १७ को (२) लाई हटाइएको छ ।

१४. मूल कार्यविधिको बुँदा नं. १८ मा सिफारिस भन्दा अगाडी ***"शिक्षक छनौट समिति द्वारा"*** भन्ने थप गरिएको छ भने उम्मेदवारलाई को सट्टा ***"उम्मेदवारले"*** भन्ने शब्द राखी **"नगरपालिकाको शिक्षा शाखाबाट नियूक्तिको लागि"** भन्ने शब्द हटाइएको छ ।

१५. मूल कार्यविधिको बुँदा नं. २१ म प्रोत्साहन भत्ता को सट्टा ***"निर्वाह खर्च"*** भन्ने राखिएको छ ।

१६. मूल कार्यविधिको बुँदा नं. २३ मा देहायको व्यवस्था थप गरिएको छ ।

- ***स्वयम् सेवक शिक्षकले वर्ष भरिमा वढीमा ६ दिन भैपरी आउने विदा पाउने छ ।***
- ***स्वयम् सेवक शिक्षकसंग करार सम्झौता गर्दा वढीमा ६ महिनाको लागि गरिनेछ र कार्यसम्पादन सन्तोषजनक देखिएमा शिक्षा शाखाको समन्वयमा एक पटकमा ६ महिना नवढ्ने गरी म्याद थप गर्न सकिनेछ ।***

आज्ञाले
विनय पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

हरिपुर नगरपालिका